





# नेपाल खाद्य सुरक्षा बुलेटिन

## २०७३, अंक ४९

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य बुँदाहरु र बर्तमान अवस्थाको संक्षेप

**यस अंकले श्रावण देखि कार्तिक २०७३ को अवधिलाई समेटेको छ, जुन आर्थिक वर्ष २०७३/७४ को पहिलो चौमासिक अवधि हो ।** यो बुलेटिन मुख्यत नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) अन्तर्गत २०७३ आश्विन/कार्तिकमा ७५ मध्ये ७४ जिल्लामा भएको जिल्ला खाद्य सुरक्षा सञ्जालहरुको बैठकको नतिजामा आधारित छ । बर्षे बालीहरुको कटानी (साउन/भदौमा मकै र आश्विन/कार्तिकमा धान) र चाडबाडको समयमा भएको ठूलो मात्रामा विप्रेषण प्रवाहले गर्दा यस अवधिमा खाद्य सुरक्षा अवस्थामा सुधार आएको छ ।

**यस अवधिमा:**

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ४ भूकम्प प्रभावित जिल्लाका ३१ गा.वि.स. (धादिङ्गका ५, गोरखाका ११, नुवाकोटका ९, र सिन्धुपाल्चोकका ६) हरुलाई उच्चतम खाद्य असुरक्षित अवस्था (चरण(३) मा वर्गिकृत गर्दै अनुमानित ३४,००० मानिसहरु प्रभावित भएको र मानविय सहायताको आवश्यकता रहेको जनाएका छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले यो अवस्था आउनाका कारणहरुमा भौगोलिक दुर्गमता र मनसुनका कारण सडक पहुँचमा व्यवधान आउनु, मकै बालीको उत्पादनमा गिरावट हुनु, कृषि र पशुजन्य आम्दानीमा कमी र भूकम्प पश्चातको समयमा स्वास्थ्य र सरसफाईमा आएको कमी आदिलाई ठहराएका छन् ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १५ जिल्लाका थप १७५ गा.वि.स.हरुलाई मध्यम स्तरिय खाद्य असुरक्षित (चरण-२) अवस्थामा वर्गिकरण गरेका छन् । मध्यम स्तरिय खाद्य असुरक्षित (चरण(२) अवस्थामा वर्गिकृत प्राय गा.वि.स.हरु मध्यमाञ्चल र मध्य पश्चिम क्षेत्रका हिमाली र पहाडी जिल्लाहरुका रहेका छन् ।
- भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षाको अवस्था श्रावण २०७२, कार्तिक २०७२, फाल्गुन २०७२ र श्रावण २०७३ महिनाको तुलनामा हाल आएर सुधार भएको छ । यस अवधिमा जिल्ला खाद्य सुरक्षा सञ्जालले कुनै पनि गा.वि.स.हरुलाई खाद्य असुरक्षाका दृष्टिकोणले गंम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा वर्गिकरण गरेनन् भने उच्चतम् खाद्य असुरक्षित अवस्था (चरण-३) मा रहेका गा.वि.स.हरुको संख्या पनि घटेको जनाएका छन् । तथापी, माथि उल्लेख गरे अनुसार धादिङ्ग, गोरखा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरुमा केहि खाद्य असुरक्षित क्षेत्रहरु रहेका छन् ।
- मध्य र सुदूर पश्चिम क्षेत्रका धेरै जिल्लाहरुमा, जहाँ २०७२ को बर्षे बालीको उत्पादन ह्रास र हिउँदे खडेरीका कारण कार्तिक २०७२ देखि श्रावण २०७३ को अवधिमा खाद्य सुरक्षा अवस्था खस्किएको थियो, भने अहिले आएर मुख्यत बालीको उत्पादन र चाडबाडको समयमा विप्रेषण प्रवाहमा आएको बढोत्तरीले गर्दा सुधिएको छ । यो अवधिमा त्यस क्षेत्रका जिल्ला खाद्य सुरक्षा सञ्जालले कुनै पनि गा.वि.स.लाई खाद्य असुरक्षाका दृष्टिकोणले गम्भिर खाद्य असुरक्षित अवस्थामा वर्गिकरण गरेनन् ।
- नेपाल राष्ट्र बैंकका अनुसार, २०७३ कार्तिकमा सालवसाली उपभोक्ता मूल्य सूचकाङ्क ४.८ प्रतिशत रहेको पाइयो । उच्चतम वृद्धिका साथ तरकारी उप समूह भने २०७३ कार्तिकमा १०.५ प्रतिशत रहेको पाइयो । श्रावण–कार्तिक २०७२ को तुलनामा मोटा चामल र गँहुको पिठोको मूल्य क्रमशः १.९ र १.८ प्रतिशतले बढेको पाइयो ।
- कृषि विकास मन्त्रालयको अनुमान अनुसार बर्षे वाली (धान, मकै, कोदो र फापर) को कुल उत्पादन ७८ लाख ७ हजार ८ सय चौतिस मे.ट. भएको छ । नेपालको दुई प्रमुख बर्षे बालीहरु धान र मकैको उत्पादन क्रमशः ५२ लाख ३० हजार ३ सय सत्ताइस र २२ लाख ५९ हजार ४ सय पैतालिस मे.ट. रहेको छ, जुन गत बर्ष भन्दा क्रमशः २१.६६ र १.२५ प्रतिशतले बृद्दि हुन आउँछ ।

## हालको खाद्य सुरक्षा अवस्था र पूर्वानुमान

| खाद्य सुरक्षा समूह (Cluster) | हालको अवधि: श्रावण -कार्तिक २०७३ | २०७२ चैत्र देखि आषाड २० ७३ सम्मको परीवर्तन | पूर्वानुमान: मंसिर -फाल्गुन २०७३ |
|---|---|---|---|
| कर्णाली | | ↑ | ↓ |
| सुदूरपश्चिमी पहाडी तथा हिमाली क्षेत्र | | ↑ | ↓ |
| राप्ती-भेरी पहाडी क्षेत्र | | ↑ | → |
| पश्चिमी तराई | | → | → |
| मध्य र पूर्वी तराई | | → | → |
| पश्चिमी पहाडी तथा हिमाली क्षेत्र | | ↑ | ↑ |
| मध्य पहाडी तथा हिमाली क्षेत्र | | ↑ | ↑ |
| पूर्वी पहाडी तथा हिमाली क्षेत्र | | → | → |

- न्यूनतम खाद्य असुरक्षित
- मध्यमस्तरीय खाद्य असुरक्षित
- उच्चतम खाद्य असुरक्षित
- गम्भिर खाद्य असुरक्षित
- मानवीय आपतकालीन अवस्था

**परिवर्तन/पूर्वानुमान**

- ↓ बिग्रने
- → यथावत रहने
- ↑ सुधार हुने

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार मध्य र सुदूर पश्चिम पहाडी र हिमाली क्षेत्रहरुमा कार्तिक २०७२ देखि असार २०७३ सम्मको अवधिमा खाद्य सुरक्षाको अवस्थामा आएको गिरावट अहिले उल्लेख्य रुपमा सुधार आएको छ । त्यस्तै गरी मध्यमाञ्चल, पूर्वाञ्चल र पश्चिमाञ्चल क्षेत्रका भूकम्प प्रभावित जिल्लाहरु पनि खाद्य सुरक्षाको अवस्थामा सुधार आएको पाइएको छ । मध्य र सुदूर पश्चिम क्षेत्रहरुका जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले यस्तो सुधारका लागि बालीको उत्पादन र विप्रेषणलाई प्रमुख कारकको रुपमा लिए भने भूकम्प प्रभावित जिल्लाहरुमा बाली उत्पादन र विप्रेषणका साथै पूननिर्माणमा सहायता, सडक पहुँचमा आएको सुधार र बजार को सुचारु सञ्चालनलाई प्रमुख कारण ठहराएका छन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ४ जिल्लाका ३१ गा.वि.स हरुलाई उच्चतम खाद्य असुरक्षित (चरण ३) मा वर्गिकृत गरी अनुमानित ३४,००० मानिसहरु प्रभावित भएको जनाएका छन् । यसका अतिरिक्त, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १५ जिल्लाका थप १७५ गा.वि.स.हरु लाई मध्यम स्तरिय खाद्य असुरक्षित (चरण(२) अवस्थामा वर्गीकरण गरेका छन् ।

हिउँदको याममा खाद्यान्न रिक्त हुने समयका कारण फाल्गुन–चैत्र महिनामा हुने तत्कालिक खाद्य न्यूनताका कारण आगामी चार महिनाको अवधि (मंसिर देखि फाल्गुन २०७३) मा, खाद्य सुरक्षा अवस्था खस्किन सक्ने छ । तथापी, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार कार्तिक २०७३ देखि फाल्गुन २०७३ को अवधिमा कुनै पनि गा.वि.स. हरु गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा वर्गिकृत हुने छैनन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ५ जिल्लाका ४६ गा.वि.स.(बझाङ्गका ७, वाजुराका ९, धादिङ्गका ५, हुम्लाका १८ र कालिकोटका ७) हरु उच्चतम खाद्य असुरक्षित (चरण(३) अवस्थामा र थप १४ जिल्लाका १७९ गा.वि.स.हरु, मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गीकृत हुन सक्ने अनुमान गरेका छन् ।

नेपाल खाद्य सुरक्षा बुलेटिन कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा अनुगमन इकाई र विश्व खाद्य कार्यक्रम, खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाईको संयुक्त तत्वावधानमा प्रकाशित हुन्छ ।

## नक्सा १: खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा, श्रावण देखि कार्तिक २०७३

स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालहरु, कार्तिक २०७३




*खाद्य सुरक्षा नक्साहरु NeKSAP को वेबसाइटमा उपलब्ध छन्:* www.neksap.org.np/food-security-phase-classification-maps

Source: District Food Security Networks

# नेपाल खाद्य सुरक्षा बुलेटिन - अंक ४९

## *वर्तमान खाद्य असुरक्षित क्षेत्रहरु र खाद्य सुरक्षा पूर्वानुमान*





**वर्तमान खाद्य असुरक्षित क्षेत्रहरुः** जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रका भूकम्प प्रभावित ४ जिल्लाका ३१ गा.वि.स हरुलाई उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा वर्गिकरण गरेका छन् र करीब ३४,००० मानिसहरु प्रभावित भएको र मानवीय सहयोगको आवश्यकता रहेको अनुमान गरेका छन् **(तालिका १ हेर्नुहोस्)** । चरण ३ त्यस्तो अवस्था हो जसमा सामान्य अवस्थाको भन्दा खाद्य उपभोग अभाव उच्च हुन्छ र घरधुरीहरुले न्यूनतम खाद्य वस्तुको आवश्यकता परिपूर्ति गर्नका लागि जीवनयापनका साधनहरु द्रुततर गतिमा नगुमाइ प्राप्त गर्न सक्दैनन् ।

यसका साथै १५ जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले अतिरिक्त १७५ गा.वि.स.हरुलाई मध्यमस्तरिय खाद्य असुरक्षित (चरण-२) अवस्थामा वर्गिकरण गरेका छन्[1] । चरण २ त्यस्तो अवस्था हो जहाँ घरधुरीले न्यूनतम आवश्यकीय खाद्यान्न उपलब्ध गर्नका लागि परम्परागत निर्वाह पद्दती अपनाउनुपर्दछ तर केही आवश्यकीय गैर खाद्य सामाग्री प्राप्त गर्नका लागि भने घरधुरीहरुले पछि परिपूर्ती गर्न नसकिने खालका निर्वाह पद्दतीहरु अपनाउन पर्ने हुन्छ । नेपालको भौगोलिक अवस्था अनुसार वर्तमान खाद्य असुरक्षित क्षेत्रहरु **नक्शा १** मा हेर्न सकिन्छ ।

मध्यमाञ्चल, पूर्वाञ्चल र पश्चिमाञ्चल क्षेत्रका भूकम्प प्रभावित जिल्लाका जिल्ला खाद्य सुरक्षा सञ्जालहरु ले खाद्य सुरक्षाको अवस्थामा क्रमिक रुपमा सुधार आएको जनाएका छन् । सुधारका प्रमुख कारणहरुमा विप्रेषणको प्रवाह, मानविय सहायता, बालीहरुको उत्पादन, बजार र आपूर्ति श्रृखलाको पुनः संचालन, भूकम्पद्वारा क्षतिग्रस्त गोरेटो र पँहुच मार्गहरुको मर्मत संभार एंव संचालन जस्ता कुराहरुलाई लिइएको छ । तथापी, केहि दुर्गम क्षेत्रहरु अझै पनि खाद्य सुरक्षाका हिसाबले नाजुक छन् जहाँ भूकम्पको क्षति अत्यधिक रह्यो र बाह्य सहायता पनि न्यून रहयो । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले वर्तमान अवस्थामा उच्चतम खाद्य असुरक्षित (चरण-३) भनि वर्गिकरण गरेका गा.वि.स.हरुमा बर्षातको समयमा सडक पहुँचमा कमी, आपूर्ति श्रृखलामा अवरोध, मकै बालीमा क्षति, खानेपानी र सरसफाईको पहुँचमा कमी जस्ता कुराहरुलाई कारणका रुपमा ठानेका छन् ।

मध्य र सूदरपश्चिम विकास क्षेत्रहरुका पहाडी र हिमाली जिल्लाहरुमा बर्षे बालीहरुको उत्पादनमा भएको ह्रास र गम्भिर हिउँदे खडेरी (२०७२) का कारण कार्तिक २०७२ देखि फाल्गुन २०७३ सम्मको अवधिमा धेरै गा.वि.स.हरु उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा वर्गिकरण गरिएको थियो । तथापी, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले श्रावण/भाद्रमा लिएको मकैको उत्पादन र असोज/कार्तिकमा लिएको धानको उत्पादनका कारण हाल आएर खाद्य सुरक्षाको अवस्था सप्रिएको जनाए । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले खाद्य सुरक्षाको अवस्थामा सुधार आउनुका अन्य कारणहरुमा चाडबाडको समयमा विप्रेषण प्रवाह बढ्नु, शितोष्ण फलफूल जस्तै स्याउ र ओखर, गैरकाष्ठ वन पैदावर जस्तै यार्शागुम्बा र अन्य मौसमी र बेमौसमी तरकारीहरुको बिक्रीबाट आएको आम्दानी र केही हिमाली जिल्लाहरु (हुम्ला, डोल्पा, जुम्ला र दार्चुला) मा गहुँ र जौको उत्पादन लाई औल्याएका छन् ।

कृषि विकास मन्त्रालयका अनुमान अनुसार यस बर्ष बर्षे वाली (धान, मकै, कोदो र फापर) को कुल उत्पादन ७८ लाख ७ हजार ८ सय चौतिस मे.ट. भएको छ । धान र मकै, नेपालका दुई महत्वपूर्ण बर्षे बालीहरुको अनुमानित उत्पादन क्रमशः ५२ लाख ३० हजार ३ सय सत्ताइस र २२ लाख ५९ हजार ४ सय पैतालिस मे.ट. रहेको छ । गत बर्षको तुलनामा धान र मकैको उत्पादन क्रमशः २१.६६ र १.२५ प्रतिशतले बृद्दि भएको छ । कृषि विकास मन्त्रालयका अनुसार रासायनिक मल र उन्नत बिउको सहज उपलब्धता र समयमै पर्याप्त बर्षा (**नक्शा २** मा हेर्न सकिन्छ) भएका कारणले समग्र उत्पादनमा वृद्दि भएको प्रतिवेदन छ ।

| जिल्लाहरु | चरण ३ | | |
|---|---|---|---|
| | ग.वि.स. हरु | चरण ३ का गा.वि.स.हरु | अनुमानित चरण ३ बाट प्रभावित जनसंख्या |
| सिन्धुपाल्चोक | ६ | घुम्थाङ, पूल्पिङकट्टी, गाती, लिस्तीकोट, मार्मिङ र तातोपानी | ८,५०० |
| धादिङ्ग | ५ | झार्लाङ, लापा, री, से तुंङ र तिप्लिङ | ७,१०० |
| नुवाकोट | ९ | बर्सुन्चेत, बेतिनी, भाल्चे, छाप, गाँउखर्क, घ्याङफेदी, लच्याङ, साल्मे र तलाखु | १२,९०० |
| गोरखा | ११ | बिही, छेकम्पार, चुम्चेत, काशीगाँउ, केरौजा, लापु, ल्हो, प्रोक, सामागाँउ, सिर्दिवास र उहिया | ५,९०० |
| **कुल जम्मा** | **३१** | | **३४,४००** |

तालिका १: उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकृत गा.वि.स.हरु र प्रभावित जनसंख्याहरु (स्रोतः जिल्ला खाद्य सुरक्षा संजालहरु)




चित्र २: सामान्य अवस्थाको तुलनामा आषाढ-भाद्र २०७३ मा भएको बर्षात (प्रतिशत)मा (स्रोतः CHIRPS, 1981-2016)

**खाद्य सुरक्षा पूर्वानुमान (मंसिर -फाल्गुन २०७३):**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले वर्तमान अवस्था र सम्भावित परिदृष्यका आधारमा आउँदो चार महिना (मंसिर देखि फागुन २०७३) को अवधिको खाद्य सुरक्षा अवस्थाको पूर्वानुमान गरेका छन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार मंसिर देखि फाल्गुनको अवधिमा खाद्य सुरक्षा अवस्था खस्किन सक्ने अनुमान छ । बर्षे बाली (विशेष गरी धान)को संचय घट्दै जाने र हिउँदे बाली (गहुँ र जौ) चैत्र/बैशाखमा मात्र भित्रयाइने हुनाले माघ देखि चैत्रको अवधिमा घरधुरीहरुले तत्कालिक खाद्य न्यूनता अनुभूति गर्ने छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार मंसिर - फाल्गुन २०७३ को अवधिमा कुनै पनि गा.वि.स. हरु गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा वर्गिकृत हुने छैनन् भने उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा रहेका गा.वि.स.हरुको संख्या ३१ बाट बढेर ४६ मा पुग्न सक्नेछ र मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा रहेका गा.वि.स.हरुको संख्या पनि बढेर १७५ बाट १७९ मा पुग्न सक्नेछ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले जनाए अनुसार जम्मा ४६ गा.वि.स. हरु (बझाङ्ग जिल्लाका ७, बाजुराका ९, धादिङ्गका ५, हुम्लाका १८ र कालिकोटका ७) उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा वर्गीकृत हुन सक्ने छन् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले माघ देखि चैत्र सम्मको पूर्वानुमानमा बाली रिक्त समय (धानको संचिति रित्तिएको र नयाँ बालीहरु भित्री नसकेको अवस्था) लाई मध्यनजर गरेका छन् । मध्य तथा सुदूर पश्चिम क्षेत्रहरुका पहाडी र हिमाली जिल्लाहरुमा यो समय परम्परागत मौसमी बसाइसराइ र विप्रेषण प्रवाह न्यून हुने समय पनि हो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १४ जिल्लाका १७९ गा.वि.स (अछामका १५, बैतडीका १४, बझाङ्गका २०, दार्चुलाका १९, धादिङ्गका ११, डोल्पाका ७, डोटीका १८, गोरखाका ११, हुम्लाका ९, कालिकोटका २३, मुगुका १५, नुवाकोटका ९, रसुवाका २ र सिन्धुपाल्चोकका ६) मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकृत हुन सक्ने अनुमान गरेका छन् । बाली रिक्तताका साथ साथै मध्य तथा सुदूर पश्चिम क्षेत्रहरुका हिमाली जिल्लाहरुमा हिमपातले पनि खाद्य सुरक्षामा प्रभाव पार्ने छ । डोल्पा, मुगु र हुम्ला जस्ता दुर्गम जिल्लाहरुमा हवाइ मार्ग मार्फत खाद्यान्न सामाग्रीहरु ढुवानी गर्न पनि मुश्किल पर्ने देखिन्छ । हिउँदको समयमा गैरकाष्ठ वन पैदावरबाट आम्दानी पनि न्यून हुने संभावना छ । गैर काष्ठ वन पैदावर ती क्षेत्रहरुमा मौसमी जीविकोपार्जनको एक मुख्य श्रोत हो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार देशका अन्य क्षेत्रहरु न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा रहने अनुमान छ । धान वाली भित्रयाए पश्चातको समयमा अधिकांश घरधुरीहरुमा खाद्य सञ्चिति बृद्धि हुने छ र अर्कोतिर कृषि र गैर कृषिजन्य वस्तुहरुको बिक्रीबाट निरन्तर आम्दानी प्राप्त हुनेछ । त्यसवाहेक जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले खाद्य सुरक्षालाई असर पार्ने स्तरका प्रकोपको बारेमा उल्लेख गरेका छैनन् । तथापी केही दुर्गम हिमाली जिल्लाहरुमा हिमपातका कारण बाटो घाटो अवरुद्ध हुने र आपूर्ति श्रृखलामा पनि असर गर्ने संभावनालाई भने नकार्न सकिदैन । अर्को तर्फ, ती जिल्लाहरुमा हिमपातलाई बालीहरुमा सिंचाईको श्रोतको रुपमा पनि लिइन्छ ।

[1] मध्यमस्तरिय खाद्य असुरक्षित (चरण-२) अवस्थामा रहेका जिल्लाहरु निम्न अनुसार रहेका छन् : बझाङका ७, बाजुराका ९, धादिङका ११, दोलखाका १२, डोल्पाका ७, गोरखाका ९, हुम्लाका १८, कालिकोटका ७, काभ्रेपलान्चोकका १०, मुगुका १५, नुवाकोटका २१, प्यूठानका ३, रामेछापका १३, रसुवाका २ र सिन्धुपाल्चोकका ३१ ।

# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४९

## *जानकारी एवं जिल्लाका सूचना र सम्पर्कहरु*

### जानकारी

- **NeKSAP जिल्लाका खाद्य सुरक्षा सञ्जाल बैठकहरु:** कृषि विकास मन्त्रालयको आयोजनामा कार्तिक–मंसिर २०७३ मा ७४ जिल्लामा (७५ मध्ये) जिल्ला खाद्य सुरक्षा सञ्जालको आवधिक बैठक सम्पन्न गरयो । प्रत्येक जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरण विधिको प्रयोग गरी जिल्लाको (तिव्र अथवा IPC - Acute) खाद्य सुरक्षा अवस्थाको विश्लेषण गरे ।
- **NeKSAP क्षेत्रीय आवधिक बैठक:** कृषि विकास मन्त्रालय र क्षेत्रीय कृषि निर्देशनालयहरुले मंसिर १४ देखि १९ भित्रमा हरेक विकास क्षेत्रहरुमा क्षेत्रीय समिक्षा बैठकहरु सञ्चालन गरे । समिक्षा बैठकहरुमा जिल्ला कृषि विकास कार्यालयहरुका वरिष्ठ जिल्ला कृषि विकास अधिकृतहरुले सम्बन्धित जिल्लाको जिल्ला खाद्य सुरक्षा सञ्जालहरुबाट प्राप्त विश्लेषणात्मक परिणाम र क्षेत्रीय कृषि निर्देशनालयहरुले पनि सम्बन्धित क्षेत्रको समग्र खाद्य सुरक्षा अवस्थाको बारेमा प्रस्तुत गरेका थिए ।
- राष्ट्रिय योजना आयोग र संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आर्थिक बर्ष २०७४/७५ को योजना तर्जुमाका लागि 'जिल्ला स्तरीय मार्गदर्शन' जारी गरेका छन् । यो मार्गदर्शनले जिल्लाहरु लाई खाद्य सुरक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेका खाद्य सुरक्षा प्रतिकार्य योजनालाई आधार बनाउन निर्देशन दिएको छ ।
- राष्ट्रिय योजना आयोगबाट प्रकाशित चौधौ राष्ट्रिय योजना (२०७३/७४-२०७५/७६) को आधार-पत्रमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को भूमिकाको बारेमा उल्लेख गरिएको छ । उक्त आधार पत्रमा उल्लेख गरिए अनुसार नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) लाई प्रदेश र जिल्ला तहमा संस्थागत गरिने र खाद्य सुरक्षा र पोषणको अनुगमनका लागि प्रयोग गरिने छ ।
- **NeKSAP सम्बन्धी जिल्लाका जानकारी:** नौ जिल्लाहरु (बाजुरा, अछाम, सिन्धुपाल्चोक, पर्वत, गोरखा, धादिङ्ग, मुगु, जुम्ला, र कालिकोट) मा एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरण विश्लेषणको (NeKSAP–IPC) पूर्नरताजगी सत्रहरु संचालन गरियो । अछाम, मोरङ्ग र सर्लाही जिल्लाका वरिष्ठ अधिकृतहरु लाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको संक्षिप्त जानकारी गराइयो जहाँ पूर्ण तालिम भने पछि संचालन गरिने छ ।
- **NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण स्रोत पुस्तिका र तालिम निर्देशिका प्रकाशित र प्रचार प्रसार:** खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण स्रोत पुस्तिका र तालिम निर्देशिकाहरु प्रकाशित र सम्बन्धित निकायहरुलाई जानकारी पनि गराइयो । यससँग सम्बन्धित विद्युतिय प्रतिलिपीहरु राष्ट्रिय योजना आयोगको http:www.npc.gov.np/en/category/agriculture_foresty मा पाउन सकिन्छ ।
- **CRAFT मा क्षमता विकास:** विश्व खाद्य कार्यक्रम (WFP), कृषि विकास मन्त्रालय (MOAD) र CCAFS को आयोजनामा शैक्षिक, अनुसन्धान, नीति निर्माण र विकास संग संम्बन्धित अधिकारीहरु लाई लक्षित गरि श्रावण देखि कार्तिक २०७३ को अवधिमा बाली उत्पादनको पूर्वानुमान (CRAFT) सम्बन्धि चार वटा तालिमहरु सञ्चालन गरियो । खाद्य सुरक्षा अनुगमन र CRAFT को प्रयोग गरी बाली नमुना सम्बन्धी तालिम शिक्षक र स्नातक तहका विद्यार्थीहरुका लागि कृषि र पशु विज्ञान अध्ययन संस्थान (IAAS) , कृषि तथा वन विज्ञान विश्वविद्यालय (AFU), हिमालयन कलेज अफ एग्रीकल्चर साइन्सेस एण्ड टेक्नोलोजी (HICAST) मा संचालन गरिएको थियो । त्यस्तै, काठमाण्डौमा पनि कृषि विकास मन्त्रालय (MOAD), कृषि विभागका अधिकारीहरु, नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिकहरु, जल तथा मौसम विभाग र अन्य पेशागत जस्तै केन्द्रिय तथ्याकं विभाग, FAO, LIBIRD, NDRI र RIMES लाई पाँच दिने तालिम दिइएको थियो । नेपालका कृषि विश्वविद्यालयहरुका स्नातक पाठ्यक्रमहरुमा बाली पूर्वानुमान विधि समावेश गर्ने कदमहरु पनि सन् २०१७ मा गरिनेछ ।

### जिल्ला खाद्य सुरक्षा जानकारी

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले हाल नेपालभर ७४ जिल्लाहरुको नियमित अनुगमन गर्दछ । अनुगमनबाट प्राप्त यिनै सूचनाहरु ले यस बुलेटिनका लागि सूचना सामाग्री जुटाउँदछ । हरेक जिल्लाको पूर्ण खाद्य सुरक्षा बुलेटिन अनुरोध भएमा अंग्रेजी र नेपालीमा उपलब्ध गराइनेछ ।

**समूह १. कर्णाली**
डोल्पा
हुम्ला
जुम्ला
कालिकोट
मुगु

**समूह २. सुदूरपश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**
अछाम
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
दार्चुला
डोटी

**समूह ३. राप्ती- भेरी पहाडी जिल्लाहरु**
दैलेख
जाजरकोट
प्यूठान
रोल्पा
रुकुम
सल्यान
सुर्खेत

**समूह ४. पश्चिमी तराई**
कञ्चनपुर
कैलाली
बर्दिया
बाँके
दाङ
कपिलबस्तु
रुपन्देही

**समूह ५. मध्य तथा पूर्वी तराई**
नवलपरासी
चितवन
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सप्तरी
सिरहा
सुनसरी
मोरङ्ग
झापा

**समूह ६. पश्चिमीपहाडी तथा हिमाली जिल्लाहरु**
गोरखा
लम्जुङ्ग
तनहुँ
अर्घाखाँची
गुल्मी
पाल्पा
स्याङ्जा
पर्वत
बाग्लुङ
म्याग्दी
मुस्ताङ
मनाङ्ग
कास्की

**समूह ७. मध्यपहाडी तथा हिमाली जिल्लाहरु**
सिन्धुली
रामेछाप
दोलखा
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
नुवाकोट
रसुवा
मकवानपुर
धादिङ्ग

**समूह ८. पुर्वीपहाडी तथा हिमाली जिल्लाहरु**
ताप्लेजुङ
पाँचथर
संखुवासभा
इलाम
ओखलढुङ्गा
खोटाङ्ग
धनकुटा
उदयपुर
सोलुखुम्बु
भोजपुर
तेह्रथुम


नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme wfp.org

थप जानकारीका लागि सम्पर्क: **NeKSAP website:** www.neksap.org.np **NeKSAP email:** info@neksap.org.np

| खाद्य सुरक्षा अनुगमन इकाई | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय | खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई |
|---|---|---|
| कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग | संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम |
| सिंहदरबार, काठमाडौं | सिंहदरबार, काठमाडौं | पो. ब. नं. १०७, चाकुपाट, पाटनढोका, ललितपुर |
| www.moad.gov.np | www.npc.gov.np/new/eng/index.php | www.wfp.org/countries/nepal |



UKaid from the British people

**यो प्रकाशन UK सरकारको सहयोगमा तयार पारिएको हो । यस बुलेटिनमा प्रकाशित विचारहरुले UK सरकारको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।**